
# लेखापरीक्षण प्रतिवेदन

# लिखु पिके गाउँपालिका, सोलुखुम्बु

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# लिखु पिके गाउँपालिका, सोलुखुम्बु

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख महालेखापरीक्षक

प.सं.:2081/82 मिति : २०८२-२-५

च.न.:FAR/2080-81/LOC/44

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
लिखु पिके गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सोलुखुम्बु ।

## कैफियतसहितको राय

हामीले लिखु पिके गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भक्तानीको एकीकत वार्षिक प्रतिवेदन, बजेट तलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

**हाम्रो रायमा,** यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भक्तानीको एकीकत वार्षिक प्रतिवेदन, बजेट तलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सत्र) प्रयोगमा रहेको छ । गाउँपालिकाले पेश गरेको प्राप्ती र भक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. २ करोड ९६ लाख ४९ हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रू. ३ लाख ७५ हजार समेत रू. ३ करोड २४ हजार सुत्र प्रणालीमा आवद्ध हुन सकेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गर्न सकेको छैन ।

२. गाउँपालिकाको रू. ५१ करोड ३५ लाख ९७ हजारको लेखापरीक्षण गरिएकोमा प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा रू.१ करोड ९० लाख २८ हजार बेरुजू देखिएको छ । लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि रु.३ लाख ४१ हजार बेरुजु प्रतिक्रियाबाट फछ्यौंट भई रू. १ करोड ८६ लाख ८७ हजार बाँकी रहेको छ । उक्त बेरुजु मध्ये असुल गर्नुपर्ने रू. ५१ लाख १ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ लाख १३ हजार, नियमित गर्नुपर्ने रु. ४४ लाख १० हजार, सोधभर्ना नलिएको रू. ६१ हजार र पेश्की बांकी रू. ९० लाख रहेको छ । गतवर्षसम्म रु. ९ करोड ६६ लाख ३५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ११ करोड

४९ लाख ९० हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन। लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने लिखु पिके गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी लिखु पिके गाउँपालिकाको व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्हित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

**चालु वर्षको बेरुजु**

**बेरुजु वर्गीकरण**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५६ | ६३ | १,९०,२८,३९६ | ० | २३ | ३,४१,३०३ | ० | ५६ | ४० | १,८६,८७,०९३ | ५१,०१,८४६ | ४४,१०,६३१ | १,१३,५६१ | ० | ६१,०५५ | ४५,८५,२४७ | ९०,००,००० |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सोलुखुम्बु | ९,६६,३५,००० | ० | ३,३२,१८१ | ९,६३,०२,८१९ | 0 | १,८६,८७,०९३ | ११,४९,८९,९१२ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | १८.४ | आन्तरिक आयतर्फ | ३,३२,१८१ |
| २ | २०८०/८१ | ५२ | सक्कल बिल बेगरको खर्च | ३०,००० |
| ३ | २०८०/८१ | ४३ | सक्कल कर विजक | ४२,००० |
| ४ | २०८०/८१ | ४६.१/४६.४/४६.५ | शिक्षा तर्फ | ३९,४८० |
| ५ | २०८०/८१ | ३.५ | वित्तीय प्रतिवेदन | २८,७८६ |
| ६ | २०८०/८१ | २९ | बैठक भत्ता | १,७०० |
| ७ | २०८०/८१ | ३२ | तालिम अनुगमन | १३,६०० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०८०/८१ | ४८ | कार्यक्रम अनुगमन | १५,८४० |
| ९ | २०८०/८१ | २६ | कर कट्टा नगरेको | २,२५० |
| १० | २०८०/८१ | ८.१ | आन्तरिक राजश्व | ३५,०२७ |
| ११ | २०८०/८१ | ५६ | अपाङ्ग रोकथाम तथा पुनस्थापना कार्यक्रम | १,०७,३५० |
| १२ | २०८०/८१ | ३४ | २० प्रतिशत सहभागीता | १६,६०० |
| १३ | २०८०/८१ | ३३ | सहभागी भत्ता | ८,६७० |
| जम्मा | | | | ६,७३,४८४ |

# (८०१०९५०६३०० - लिखु पिके गाउँपालिका, सोलुखुम्बु )

## परिचय

१

**(क) परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागीता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ५ वटा वडा अन्तर्गत १२४.३८ वर्ग किलोमिटर क्षेत्रफल तथा ५२६४ हजार जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०५।१० देखि २०८१ ।०५।१३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको प्राप्ती र भुक्तानीको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणको परीक्षण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७० निम्न बमोजिम रहेको छः-

| | | प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | ४१५९३९५७.९६ | ०.०० | ४१५९३९५७.९६ | ५२३७५५५४.२७ | ०.०० | ५२३७५५५४.२७ |
| १३००० | अनुदान | १६६४३३९८४.८७ | ०.०० | १६६४३३९८४.८७ | १७०७०७८९५.४४ | ०.०० | १७०७०७८९५.४४ |
| १४००० | अन्य राजस्व | १०६९४६५१.५७ | ०.०० | १०६९४६५१.५७ | ३७५७८०.२० | ०.०० | ३७५७८०.२० |
| १५००० | विविध प्राप्ति | ३६५४००.०० | ०.०० | ३६५४००.०० | ३२६६८३.४० | ०.०० | ३२६६८३.४० |
| क | कुल जम्मा प्राप्ति | २१९०८७९९४.४० | | २१९०८७९९४.४० | २२३७८५९१३.३१ | | २२३७८५९१३.३१ |
| ३ | चालु | १५०८९८२३७.८५ | ०.०० | १५०८९८२३७.८५ | १५२३६९२३७.८२ | ०.०० | १५२३६९२३७.८२ |
| २१००० | पारिश्रमिक / सुविधा | ११६६३४३१६.८५ | ०.०० | ११६६३४३१६.८५ | १०९८७४०२१.८२ | ०.०० | १०९८७४०२१.८२ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ३२५५५१८०.०० | ०.०० | ३२५५५१८०.०० | ३१६६२२५३.०० | ०.०० | ३१६६२२५३.०० |
| २५००० | सहायता (Subsidy) | ५००००.०० | ०.०० | ५००००.०० | १४४५६९०.०० | ०.०० | १४४५६९०.०० |
| २७००० | सामाजिक सुरक्षा | १०४९८४१.०० | ०.०० | १०४९८४१.०० | ७४४०५९९.०० | ०.०० | ७४४०५९९.०० |
| २८००० | अन्य खर्च | ६०८९००.०० | ०.०० | ६०८९००.०० | १९४६६७४.०० | ०.०० | १९४६६७४.०० |
| ४ | पूंजीगत | ७५४३०४५१.०० | ०.०० | ७५४३०४५१.०० | ६६९४८७६७.७४ | ०.०० | ६६९४८७६७.७४ |
| ३१११० | भवन तथा संरचना | २१६६९८१०.०० | ०.०० | २१६६९८१०.०० | ६५२६१४५.०० | ०.०० | ६५२६१४५.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ५३२०८५६.०० | ०.०० | ५३२०८५६.०० | ३८९१७८२.०० | ०.०० | ३८९१७८२.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ४९०९८२९.०० | ०.०० | ४९०९८२९.०० | ९१८०००.०० | ०.०० | ९१८०००.०० |
| ३११४० | सुरक्षा उपकरण | ४८०२५०.०० | ०.०० | ४८०२५०.०० | ०.०० | ०.०० | ०.०० |
| ३११५० | सार्वजनिक निर्माण | ४२३३४०२६.०० | ०.०० | ४२३३४०२६.०० | ५२९५२५६५.७४ | ०.०० | ५२९५२५६५.७४ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ०.०० | ०.०० | ०.०० | २६६०२७५.०० | ०.०० | २६६०२७५.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ७१५६८०.०० | ०.०० | ७१५६८०.०० | ०.०० | ०.०० | ०.०० |
| ख) | कुल जम्मा भुक्तानी | २२६३२८६८८.८५ | | २२६३२८६८८.८५ | २१९३१८००५.५६ | | २१९३१८००५.५६ |
| ग) | बचत /कमी (ग = क- | (७२४०६९४.४५) | | (७२४०६९४.४५) | ४४६७९०७.७५ | | ४४६७९०७.७५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ख ) | | | | | | |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | १६६७५३२.२७ | | १६६७५३२.२७ | ४९३४८६.११ | | ४९३४८६.११ |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | (२८७८६.००) | | (२८७८६.००) | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (५५७३१६२.१८) | | (५५७३१६२.१८) | ४९६१३९३.८६ | | ४९६१३९३.८६ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | २२६७६०५९.९८ | | २२६७६०५९.९८ | १७७१४६६६.१२ | | १७७१४६६६.१२ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | १७१०२८९७.८० | | १७१०२८९७.८० | २२६७६०५९.९८ | | २२६७६०५९.९८ |

गाउँपालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्:

| **सि.नं.** | **खर्च शीर्षक** | **बजेट** | **निकासा खर्च** |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | ३,०२,७६,१६० | २,९६,४९,७९५.५ |
| २ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३,७५,००० | ३,७५,००० |
| | **जम्मा** | **३,०६,५१,१६०** | **३,००,२४,७९५.५** |

## ३ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छः

३.१ **वित्तीय विवरणको यथार्थता :** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले

सामाजिक सुरक्षा तथा संरक्षणको रु.२९६४९७९५.५।-, एकीकृत स्वास्थ्य क्षेत्र बिकास कार्यक्रमको रु.३,७५,०००।- गरी रु.३००२४७९५.५।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन ।

३.२ **फरक जिम्मेवारी :** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.२,२७,३४,५२६।- मौज्दात रहेकोमा यो वर्ष रु.२,२६,७६,०५९।९८ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.५८,४६६।०२ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५८,४६६ |

३.३ **बैङ्क हिसाब विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा सो नगरेको कारण श्रेस्तामा रु.१,६५,३७,२६८ बाँकी देखाएकोमा बैकमा रु.२,२१,३६,८८८.९५ मौज्दात देखिएकोले फरक रु.५५,९९,६२०.९५ सम्बन्धमा पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

| संकेत | खाता | श्रेस्तानुसार मौज्दात रकम | बैंकअनुसार मौज्दात रकम |
|---|---|---|---|
| ग १.१ | आन्तरिकराजस्व खाता | २४०० | १०२७०५७ |
| ग १.२ | बाँडफाँडबाटप्राप्त राजस्व खाता | -२८२८१५ | २७८१३४१ |
| ग १.३ | आन्तरिकअनुदान खाता | ० | ० |
| ग ६.१ | स्थानीयतह विभाज्य कोष खाता | ० | ० |
| ग ४.१ | स्थानीयतह सञ्चित कोष खाता | १३१०५२६५.४० | १४१२७७६३.९७ |
| ग ३.१ | स्धानीयतह धरौटी खाता | ३५३४४०५.१३ | ३८३५०५६.१३ |
| ग २.१ | चालूखर्च खाता- विजोर वर्ष | -२८७८६ | ७२७७०.०२ |
| ग २.३ | पूँजिगतखर्च खाता- विजोर वर्ष | ० | ० |
| ग २.७ | विविधखर्च खाता | २०६७९८.२७ | २९२९००.८३ |
| ग ७.२ | स्थानीयतह प्रकोप व्यवस्थापन कोष खाता | ० | ० |
| जम्मा | | १६५३७२६८ | २२१३६८८८.९५ |

३.४ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर) :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको आन्तरिक राजस्व खातामा नगद रु.२,४००।-, चालु खर्च खातामा रु.(२८,७८६।-) मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम यकिन गरी सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

३.५ **कर दायित्व :** सम्बन्धित खातामा दाखिला गरेको प्रमाण पेश ।

✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **२८,७८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४ **आन्तरिक नियन्त्रणतर्फ**

४.१ **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन ,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ,

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाईएन,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयासको अभिलेख नराखेको ,

• सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन ,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री, मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन ,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ,

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको ,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ,

• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

• रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा नल्याएको,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक तयार नगरेको,

• दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यमकालिन लक्ष्यहरू तोकि मूल्याङ्कन गर्ने कार्य नभएको,

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार नगरेको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरूको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा सो नराखेको,

• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको नदेखिएको,

• सवारी तथा उपकरणको मर्मत संरक्षण तथा अभिलेख फारम नराखेको,

• अधिकांश पत्रपत्रिका तथा सञ्चार माध्यममा जनचेतनामूलक सूचना प्रकाशन/प्रशारण बापतको बिल भुक्तानी भएको तर सोको सम्झौता तथा कार्यादेश नभएको,

• पूर्वाधार संरचनाको निर्माणको काम गर्दा सवै कार्यमा काम गर्नु अघिपछिको फोटो लिइने कार्यलाई अनिवार्य नगरेको,

• सडक ट्र्याक, ढुँगा सोलिँग तथा भवनको निर्माणमा उपयोगी तथा किफायती नर्म्सको पर्योग गरी पालिकाको दर विश्लेषणको पुस्तिका तयार नगरेको

• पालिका अन्तर्गतका विद्यालय तथा स्वस्थ्य सँस्था तथा विद्यालयहरुमा खरिद तथा वितरण गरेको जिन्सी मालसामानको सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली [PAMS] अभिलेखीकरण नगरी खर्च लेखेको,

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा अधिकांशमा भ्रमण अभिलेख खाता नराखेको तथा अनुगमन भ्रमण प्रतिवेदन पेश नभएको,

• सवारी मर्मतमा लागत अनुमान तयार नगरेको,

• विभिन्न कार्यक्रमहरूको अनुगमन बापत भत्ता भुक्तानी भएकोमा अनुगमन प्रतिवेदन पेश नभएको,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४.२ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको भएतापनि मर्मत तथा लिलाम गर्नुपर्ने केही खुलाएको देखिएन । त्यसैले

पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार मर्मत सम्भार, लिलामी लगायतका विवरण खुलाई प्रतिवेदन तयार गरी सो बमोजिम जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

४.३ **जिन्सी :** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालयमा प्राप्त हुन आएका मालसामानको प्रकृति अनुसार जिन्सी खातामा आम्दानी गरेर मात्रै भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका विद्यालय, कलेज, गुम्बा, स्वास्थ्य र अन्य संस्थाको लागि विभिन्न मालसामान खरीद तथा भुक्तानी खर्च लेखेकोमा उपयुक्त तवरले सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) मा दाखिला गरेको पाइएन । तसर्थ पालिकाले व्यवस्थापन गर्नुपर्ने फर्निचर उपकरण लगायतका सामानको लागी पालिकाको प्रशासकिय केन्द्रको PAMS मा चढाएर शाखाहरुमा सहायक रजिष्टरमा प्रविष्ट गरी कार्य गर्नुपर्दछ ।

| भौ.नं. र मिति | सामानहरु | रकम |
|---|---|---|
| ५९/२०८०/१२/१४ | साङ्ग छोलिङ्ग गुम्बा फर्निचर ४ वटा खाट र ४ वटा टि टेवल | ५१,६५०।- |
| १९/२०८०/१०/०४ | किंजा प्रहरी चौकी फर्निचर | ९९,१५७।- |
| ४०/२०८०/१०/०४ | जनसेवा आधारभूत विद्यालय फर्निचर व्यवस्थापन | १,५०,०००।- |
| ७६/२०८१/०१/२१ | कमलामाई नमुना र जनचेतना आ.वि. फर्निचर डेस्क कुर्सि २० थान | १८,०८०।- |
| ७९/२०८१/०१/२३ | वडा कार्यालय ३ को लागी साउण्ड सिस्टम खरीद | ९५,०००।- |
| ८०/२०८०/०१/२३ | वडा नं ३ कार्यालयको प्लाष्टिक कुर्सि र भ्याकुम क्लिनर खरिद | ९५,०००।- |
| १०४/२०८१/०२/१२ | हिमगंगा माध्यमिक विद्यालय फर्निचर निर्माण | १,९१,२५६।- |
| १४४/२०८१/०३/२३ | वडा कार्यालय २ व्यवस्थापन अन्तर्गत फर्निचर लागयत सामाग्री | ९५,१७०।- |

५ **मध्यकालिन खर्च संरचना**

अन्तरसरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ ले स्थानिय तहले आगामि बर्षमा कार्यान्वियन हुने योजनाको साथै थप २ बर्षको कार्यान्वियन हुने योजना र त्यसको स्रोतको सुनिस्चितताको आधारमा बजेट कार्यान्वियन हुने व्यवस्था छ ।तर यस पालिकाले उक्त मध्यकालिन खर्च संरचना तयार गरेको छैन ।खर्च संरचनाको अभावमा भविष्यमा कार्यान्वियन हुने योजनाहरु र तीनको कार्यान्वियन गर्न स्रोतको अस्पष्टता हुने हुँदा योजनाको कार्यान्वियन पक्ष फितलो हुने, योजना अलपत्र हुने भएकोले खर्च संरचनाको आधारमा बजेट र योजना प्रणालीलाई कार्यान्वियन गर्नु प्रभावकारी हुन्छ ।

६ **दिगो विकास योजना**

संयुक्त राष्ट्रसंघले अघि सारेको दिगो विकास लक्ष्यको सन् २०३० सम्म कार्यान्वियन गर्न नेपालले १६ वटा वुँदा प्रतिवद्धता व्यक्त गरी ति लक्ष्यको स्थानिकरण र आन्तरिकीकरण गरेको छ ।पुर्वाधार, कृषि, पशु, उर्जा, समाजकल्याण, बालकल्याण, महिला विकास, सुरक्षित मातृत्व लगायतका बिषयहरु संघियता सँगै स्थानिय स्तरमा हस्तान्तरण र निक्षेपित भैसकेको छन् । दिगो विकासको लक्ष्य प्राप्त गर्न स्थानिय तहले सुचक निर्धारण गर्ने, डाटा तयार गर्ने, प्रदेश र संघमा तिनको संचार र समन्वय गर्ने कार्य भएको देखिएन ।स्थानिय तहले बार्षिक बजेट बमोजिम नै पुरानै शैलिमै कार्य गरेका छन् ।दिगो बिकासको लक्ष्य अनुरुप कार्यक्रम बनाउने, समन्वय गर्ने, अभिलेख र तथ्यांक राखि दिगो बिकासको राष्ट्रय सुचक हासिल गर्न संघमा संचार गर्ने कार्य भएको छैन । दिगो बिकासको लक्ष्यको आधारमा तालमेल हुने गरी योजना र कार्यक्रम लागु गरी अभिलेख र सुचना प्रणाली प्रभावकारी बनाउनु पर्दछ ।

७ **कर दस्तुर एवं आन्तरिक आय**

७.१

**आय अनुमान :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२४,००,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.३७,३८,८४३।- अर्थात् अनुमान भन्दा ५५.६९ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

७.२ **आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रिय अनुदान खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| **केन्द्रिय अनुदानबाट खर्च** | **आन्तरिक आय** | **आन्तरिक आय प्रतिशत** |
|---|---|---|
| १५६६६०३२४.८७ | ३७३८८४३ | २.३९ |

उल्लेखित विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.३९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७.३ **कर तथा शुल्क असुली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | २,००,००० | १,०३,९६५ | ५१.९८ |
| घरजग्गा वहाल कर | ३,००,००० | १,१४,६६०.१७ | ३८.२२ |
| व्यवसाय कर | १,००,००० | ९६,६३० | ९६.३३ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनुपर्दछ ।

७.४ **व्यवसाय कर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.९६,६३०।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ ।

७.५ **खर्च विश्लेषण :** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.३७,४६,९६९।६२, राजस्व बाँडफाँड र अनुदानबाट रु.२२,९३,८८,६५८।९१ समेत रु.२३,३१,३५,६२८।५३ आम्दानी भएकोमा चालू तर्फ रु.१५,०८,९८,२३७।८५ र पूँजिगत तर्फ रु.७,५४,३०,४५१।- समेत रु.२२,६३,२८,६८८।८५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.६६ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.४२,००,०००।- खर्च भएको छ जुन आन्तरिक आयको ८९.२१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४.७२ प्रतिशत चालु र ३२.३५ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको

देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

८ **आन्तरिक राजश्व**

पालिकाले आर्थिक वर्ष २०८०।८१ मा रु.२४ लाख आन्तरीक राजश्व प्राप्त हुने अनुमान गरेकोमा शिर्षक गत आम्दानी विवरण पेश भएको छैन । यद्यपी वित्तीय विवरणको प्राप्ति भुक्तानी विवरण अनुसार रु.३७,४९,३६९.६२।- आम्दानी देखाएकोमा परीक्षणमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन्ः

८.१ **राजस्व दाखिला नगरेको :** जरिवाना सहित दाखिला गरेको ।

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **३५,०२६.८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८.२ **रसिद ठेलीको प्रयोग :** पालिकाको यस आर्थिक वर्षमा रसिद प्रयोगको अवस्था निम्नानुसार रहेको छ ।

क) पालिका तथा वडा कार्यालयमा ६५ ठेली रसिद प्रयोग भएको देखिन्छ ।

ख) पालिकाले छपाईबाट प्राप्त भएको आम्दानी गर्दा प्रयोग गरिने नगदी रसिद ठेली के कति वितरण भयो र वितरण भएका रसिदबाट प्राप्त आम्दानी समयमै दाखिला गरेको प्रमाण समेत संलग्न गरी नगदी रसिद कार्यालयले फिर्ता लिनुपर्दछ । पालिका अन्तर्गत वडाहरुले यो वर्षको कर सङ्कलन गर्न विगत वर्ष जारी गरेका नगदी रसिद समेत प्रयोग गरेको देखियो । चालू वर्षको लागि वितरण गरेको रसिद बाहेक अन्य रसिद समेत प्रगोग गर्दा रसिदको दुरुपयोग हुन सक्ने र संकलित आय संञ्चित कोष दाखिला नहुने जोखिम देखिन्छ । तसर्थ चालु वर्षमा छपाई भएका रसिद मात्र प्रयोग गर्ने र वर्षान्तमा बाँकी रहेका रसिदहरु अल्या गरी पून प्रयोग तथा पून प्रयोग नभए नष्ट गरी अर्को आर्थिक वर्षमा नयाँ नगदी रसिद छपाई गरी रसिद नियन्त्रण खाता व्यवस्थित गर्दै राजस्व दाखिला भएको सुनिश्चित गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

९ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पठाएको नमूना कानूनहरुको आधारमा पालिकाबाट प्राप्त विवरण अनुसार हालसम्म २ वटा ऐन, र ४ वटा कार्यविधि गरी ६ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

१० **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष ६ वटा विवाद दर्ता भएकोमा सबै फर्स्यौट भएको विवरण प्राप्त भएको छ ।

११ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र रहेका १० वटा सहकारी संस्थाहरुमध्ये ५ वटा सहकारी संस्था मात्र एकीकृत सूचना व्यवस्थापन

प्रणालीमा आबद्ध रहेका छन् । पालिका भित्रका ५ वटा सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

१२ **सफ्टवेयर खरिद**

पालिकामा एकिकृत कार्यालय सञ्चालन सम्बन्धि कार्य सञ्चालन गर्ने रु.४,९५,१५०।- मा नेटवर्क एसोसियसन प्रा.लि.सँग सम्झौता गरी यो वर्ष रु.४,९५,१५०।- भुक्तानी गरेको छ । सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ३ अनुसार आवश्यकता पहिचान गरी कार्य गर्नु पर्नेमा सो पहिचान नगरेको, खरिद पश्चात निश्चित अवधि सम्म उक्त सफ्टवेयरको सञ्चालनमा जटिलता उत्पन्न भएमा निशुल्क सेवा दिन सक्ने गरी आपूर्तकसँग सम्झौता नगरेको सम्झौता बमोजिम दर्ता, चलानी, अपाङ्गता, योजना, जेष्ठ नागरिक न्यायिक समिति, सहकारी PTS लगायतका विषयको प्रणाली सम्वन्धी कार्य गरेकोमा ती कार्यको आवश्यकता विश्लेषण गरेको छैन । नेपाल सरकार सूचना तथा संचार मन्त्रालय, सूचना विभागबाट स्वीकृत लिएको देखिएन ।

१३ **योजना तर्जुमा, बजेट तथा कार्यक्रमतर्फ**

१३.१ **बजेट पेश, पारित र अख्तियारी** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०८०।०३।३० मा रु.२७ करोड ४७ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।३१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

१३.२ **अवण्डा बजेट :** ११ औं सभाबाट पारित २०८०।८१ को बजेटलाई मिति २०८०।१०।२५ को १२ औं सभाले संशोधन परिमार्जन गरेको छ । गाउँपालिकामा डि.पि.आर. तथा निर्माण कार्यक्रममा रु.५० लाख व्यवस्था गरेको छ । कुन कुन योजनामा के कति रकमको व्यवस्था भई डि.पि.आर. हुने हो उल्लेख छैन । यसरी एकमुष्ट रकम राख्नाले बजेट पारदर्शी भएको देखिएन । बजेट कार्यान्वियनका क्रममा तजबिजी अधिकार मौलाउने सम्भावना रहन्छ । यसरी एकमुष्ट बजेट कायम गर्ने प्रणालीको अन्त्य हुनुपर्दछ ।

१३.३ **गत वर्षको भुक्तानी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी रु.१५,७९,०००।- भुक्तानी दिएको छ। तसर्थ यस्तो भुक्तानी नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १५,७९,००० |

१३.४ **बजेट तथा कार्यक्रम तर्जूमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जूमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जूमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१३.५

**आवधिक योजना** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । पालिकाले आवधिक योजना तयार गरेकोमा यसको पूर्ण पालना गरेको देखिएन । पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरूलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजनाको पूर्ण पालना हुनुपर्दछ ।

१३.६ **योजना प्राथमिकीकरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने उल्लेख छ । स्थानीय तहले योजना तथा बजेट तर्जूमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची-३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागीता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल १०३ योजनामा बजेट विनियोजन गरेको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | योजना संख्या | रु.२० लाख माथिका योजना संख्या | रु.५ लाखदेखि २० लाखसम्मका योजना संख्या | रु.५ लाख भन्दा कमका योजना संख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ८५ | १५ | १० | ६० |
| २ | वडास्तरीय | १८ | ० | ३ | १५ |
| जम्माः | | १०३ | १५ | १३ | ७५ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित १०३ योजना मध्ये १०० योजना मात्र कार्यान्वियन भई ३ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

१३.७ **वार्षिक खरिद योजना/गुरुयोजना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.७,५४,३०,४५१।- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१३.८ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १७८५४ | १२०५१ | ५.३२ |
| २ | सामाजिक क्षेत्र | १०६११३ | ९१००८ | ४०.२१ |
| ३ | पूर्वाधार विकास क्षेत्र | ७७३६० | ५९०८३ | २६.११ |
| ४ | वातावरण तथा विपत व्यवस्थापन | १५०५ | १४६९ | ०.६५ |
| ५ | कार्यसञ्चालन तथा प्रशासनिक खर्च | ७१८६८ | ६२७१६ | २७.७१ |
| **जम्माः** | | **२७४७००** | **२२६३२७** | **१००** |

उल्लिखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ५.३२ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ४०.२१ प्रतिशत, पूर्वाधारतर्फ २६.११ प्रतिशत, वातावरण तथा विपद् व्यवस्थापनतर्फ ०.६५ प्रतिशत र अन्य कार्यालय सञ्चालन तथा प्रशासनिकतर्फ २७.७१ प्रतिशतले खर्च गरेको छ। आर्थिक विकासतर्फ ५.३२ प्रतिशत मात्र खर्च रहेको देखिँदा गरिबी निवारण लगायतको कामको लागि यस क्षेत्रमा अधिक भन्दा अधिक बजेट विनियोजन गरि खर्च गर्नुपर्ने एवम् कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा खर्च धेरै गरेकोले प्रशासनिक खर्च तर्फ मितव्ययीता कायम हुनुपर्दछ ।

१३.९ **त्रैमासिक पूँजीगत खर्च :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| रकम रु.हजारमा | | | | | | |
|---|---|---|---|---|---|---|
| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिनाको खर्च** |
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| पूँजीगत खर्चतर्फ | ७५४३० | ० | १४४८१ | २७९६१ | ३२९८८ | ११११९४ |
| प्रतिशत | १०० | ० | १९.२० | ३७.०७ | ४३.७३ | १४.८४ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.७ करोड ५४ लाख ३० हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा शुन्य प्रतिशत, दोस्रो त्रैमासिकमा रु.१ करोड ४४ लाख ८१ हजार(१९.२० प्रतिशत), तेस्रो त्रैमासिकमा रु.२ करोड ७९ लाख ६१ हजार (३७.०७ प्रतिशत) र चौथो त्रैमासिकमा रु.३ करोड २९ लाख ८८ हजार (४३.७३ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१ करोड ११ लाख ९४ हजार (१४.८४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## १४ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

१४.१ **दरबन्दी तथा पदपूर्ति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत, वडा कार्यालय, स्वास्थ्य

चौकी सहित ७१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १४ जना स्थायी पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जिनियर, लेखा अधिकृत, प्रमुख प्रशासकिय अधिकृत, शिक्षा अधिकृत, आलेप, सव-इन्जिनियर, प्राविधिक सहायक, कम्प्यूटर अपरेटर, असिष्टेन्ट सव-इन्जिनियर लगायतका ५२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१४.२ **तलवी प्रतिवेदन** : स्थानीय सेवा गठन तथा सञ्चालन ऐन,२०७९ को दफा ६९(५), निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३ कर्मचारीको रु.१३,६६,८०७।- र पालिकातर्फ ९ जना कर्मचारीको रु.४६,०८,४६१।- समेत रु.५९,७५,२६८।- खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेकोले तलब भत्ता तथा ग्रेड यकिन गर्न सकिएन । तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१४.३ **करार कर्मचारी** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकिदार, मालि, बगैंचे र सरसफाई सम्बन्धी पद तथा सेवामा बाहेक अन्य पदमा करारमा नियुक्त गर्न नपाइने व्यवस्था छ । साथै स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १६ मा स्थानीय सेवाका कर्मचारीले गर्नु पर्ने कामका लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न पाइने छैन भन्ने व्यवस्था छ । पालिकाले उल्लेखित पदहरुमा बाहेक इन्जिनियर, सव-इन्जिनियर, प्राविधिक सहायक, कम्प्यूटर अपरेटर, असिष्टेन्ट सव-इन्जिनियर लगायतका पदमा ४१ जना कर्मचारी करारमा नियुक्त गरी तलब भत्ता रु.१,७८,४३,३४५।- भुक्तानी गरेको छ । पालिकाले ऐन अनुसार कर्मचारी व्यवस्था गरी खर्च गर्नुपर्दछ ।

## १५ सवारी साधन खरिद

अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जूमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाइने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ वटा जिप रु.३१ लाख ४० हजार र ३ थान मोटरसाइकल रु.११ लाख ९९ हजारमा खरिद गरी रु.४३ लाख ३९ हजार खर्च गरेको छन् ।

## १६ अनुदानको अनुगमन

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु क्षेत्रमा रु.४,३०,०००।- अनुदान खर्च लेखेको छ । पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमनबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

## १७ सेवाप्रवाहको स्थिति

लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार आ.व. २०८०।८१ मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ ।

| विवरण | सेवा प्रवाह |
|---|---|
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १८७ |
| मृत्युदर्ता | ६२ |
| बसाईसराई दर्ता | १५ |
| विवाह दर्ता | ४८ |
| सम्बन्धविच्छेद दर्ता | १ |

## १८ वितरणमूलक बजेट

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ अनुसार स्थानीय तहले योजना बनाउँदा उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, आर्थिक विकास एवं गरिबी निवारणमा प्रत्यक्ष असर पुग्ने लगायतका योजनाहरु लगानी गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले कतिपय योजनाहरु प्रतिफल नदिने किसिमका कार्यहरुमा समेत खर्च गरेको पाइयो । वडाभित्र बाटो सरसफाई र मर्मत गर्ने गरी सबै वडाको बाटो सरसफाई र मर्मतमा रु.२९ लाख खर्च लेखेको छ । बाटो कहाँ मर्मत गर्ने, कति परिमाणमा मर्मत गर्ने, बाटो पन्छाउने, ढुंगा पन्छाउने, स्थलगत सर्भे र अनुगमनको प्रतिवेदन नभएको, सो सम्बन्धी वडाको स्थानीय समूदायको माग बेगर सरसफाईमा खर्च लेख्ने गरेको, मर्मत गर्नु भन्दा अघिको फोटो, प्रमाण काम सम्पन्न हुँदै गर्दाको, सम्पन्न भए पछिको फोटो प्रमाण नभएकोले खर्चको पुष्ट्याई र उपादेयता नदेखिएको प्रहरी चौकी मौलो पुजा सुत्केरी भेटघाट तथा पोषण तिज कार्यक्रम खर्च लगायतका वितरणमूलक कार्यक्रमले स्थानीय जनताको आवश्यकतामूलक र उत्पादनमूलक भन्दा बढि वितरणमूलक हुने भएकोले यसरी बजेट खर्च गर्ने प्रक्रियामा नियन्त्रण हुनु जरुरी छ । यस सम्बन्धी केही उदहारण निम्नानुसार छन्:-

| योजनाको नाम | रकम |
|---|---|
| गोली चौकि मौलि पुजा | ३०००० |
| तिज कार्यक्रम खर्च | १५०००० |
| विपन्न मृत्यु पछि सत्कार खर्च | १५०००० |
| सडक सरसफाई वडा नं १ | ८००००० |
| सडक सरसफाई वडा नं २ | ५००००० |
| सडक सरसफाई वडा नं ३ | ४००००० |
| सडक सरसफाई वडा नं ४ | ४००००० |
| सडक सरसफाई वडा नं ५ | ८००००० |
| प्रहरी चौकी मौलि पुजा | २५००० |
| सुत्केरी भेटघाट तथा पोषण वडा नं ३ | ३००००० |
| जम्मा खर्च | ३५५५००० |

## १९ वडा सञ्चालन खर्च

पालिकाको प्रशासकिय र भुक्तानी केन्द्र एउटै रहेको स्थितिमा समेत वडा कार्यालय सञ्चालन खर्च वापत वडामा ७ लाखको दरले रु.३५ लाख छुट्याइएको पाइयो । प्रत्येक वडामा छुट्याइएको रकमको शिर्षकगत स्पष्टता छैन । यसरी वडागत रुपमा रकम विनियोजन गर्ने

परिपाटी अन्त्य गरी आवश्यक पर्ने विद्युत पानी भाडा लगायतका रकम एकिन गरी कार्यालय व्यवस्थापनमा आवश्यक पर्ने बाँकी रकमको पालिकाले प्रतिस्पर्धाको माध्यमबाट खरिद गरी वडाहरुलाई उपलब्ध गराउनु पर्दछ । शिर्षक विभाजन नगरी एकमुष्ट रकम उपलब्ध गराउदा अनावश्यक र फजुल खर्च समेत हुने भएकोले आवश्यकताको आधारमा पालिकाले वडाको खर्च व्यवस्थापन गर्नुपर्दछ।

२० **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ५.९८ देखि ५०.९१ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ। यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| सि.नं. | ठेक्का नं | कामको विवरण | निर्माण व्यवसायीको नाम | लागत अनुमान VATर PSसहित | सम्झौता रकम VATर PSसहित | फरक प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ०४(G) | ठुलोभिर कालिदह झो.पु को स्टिल पार्टस सप्लाई | एस.के. इन्जिनियरिङ्ग | ८,८९,३८९ | ७,५२,०५६ | १५.४४ |
| २ | ०३(G) | किन्जा रिनडाडा ट्रस पुलको स्टिल पार्टस सप्लाई | एस.के. इन्जिनियरिङ्ग | १७,१९,८४५ | १६,१७,००४ | ५.९८ |
| ३ | ०१ (W) | लिखु खोला लाममाने सडक स्तरोन्नती फेज -१ | जय लक्ष्मी निर्माण सेवा | १,००,७५,३३९ | ५०,७५,७६३ | ४९.६६ |
| ४ | ०२(w) | मैली-बुद्ध मा.बि. काफ्लेचौर सडक स्तरोन्नती | ओम बालाजी आरोन जेभि | १,५५,३०,०११ | ७६,८१,६५२ | ५०.९१ |
| ५ | ०३(W) | लिखु खोला लाममाने सडक स्तरोन्नती फेज -१ | जय लक्ष्मी निर्माण सेवा | ९०,००,५६१ | ४९,१२,८९८ | ४६ |
| ६ | ०४(W) | दाक्सु-गोयाम-लामाजुरा सडक स्रोन्नती | पि एण्ड ए कन्स्ट्रक्सन | २६,२५,०१२ | १५,७०,५६९ | ४२.३ |
| **जम्माः** | | | | **३,९८,४०,१५७** | **२,१६,०९,९४२** | |

२१ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेस्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

२२ **पूँजीगत खर्चको अवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को पत्र ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा एवं भएसम्म खुल्ला रुपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पूँजिगत शिर्षकबाट रु.७,५४,३०,४५१।- खर्च गरेकोमा रु.२,१६,४८,०००।- अर्थात् २८.७० प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ । कुल खरिद मध्ये उपभोक्ता समितिबाट रु.५,०२,१३,४५१।- को खरिद गरेको छ । उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

२३ **अधुरा आयोजना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तह अन्तर्गत आर्थिक वर्ष २०७४।७५ मा रु.२९ लाखमा सुरु भई कार्यान्वयनमा आएको हिमगंगा मावि लिखुपिकेको २ तले भवन निर्माण कार्य सम्पन्न हुन सकेको छैन । गत विगतदेखि यसको दायित्व सर्दै आएको छ । सम्पन्न हुन नसकी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन । आयोजना अलपत्र अवस्थामै छ । समयमा आयोजना सम्पन्न गरी उपयोग गर्नुपर्दछ ।

२४ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोवारमा जवाफदेहिता र पारदर्शीताको प्रवर्द्धन गर्नु पर्दछ ।

२५ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध शीर्षकबाट रू.११ लाख ६० हजार खाना ,खाजा लगायतमा भैपरी , आकस्मिक र विविध नामबाट खर्च गरेको छ। यस प्रकारको खर्च लेखेको रकम पालिका, विषयगत शाखा तथा वडाका विभिन्न कार्यक्रममा भएको पालिकाले जानकारी गराएको छ । विविध खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्दछ ।

२६ **कर कट्टा नगरेको**

कर कट्टा गरी असुल गरेको ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **२,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२७ **पोशाक भत्ता**

निजामति नियमावली, २०४९ को दफा ११९क बमोजिम पोशाक भत्ता पाउने उल्लेख छ । पालिकाले निम्नानुसार कर्मचारीहरुलाई पोशाक भत्ता भुक्तानी गर्दा पहिलो पटक रु.१०,०००।- र दोस्रो पटक रु.१५,०००।- का दरले भुक्तानी गरेकोले दोहोरो परेको रकम असुल हुनुपर्ने रु.

| सि.नं. | कर्मचारीको नाम | रकम |
|---|---|---|
| १ | बन्दना भट्टराई | १०००० |
| २ | अनिसा राई | १०००० |
| ३ | चण्डिका बस्नेत | १०००० |
| **जम्माः** | | **३००००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,००० |

२८ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ अनुसार पालिकालाई आवश्यक पर्ने औषधी पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं. उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधीको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा ६ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय सशर्त तथा पालिका चालु शिर्षकबाट ईबिड मार्फत हिमालयन मेडिसिन डिष्ट्रिब्युटर्ससँग मिति २०८०।१०।२ मा सम्झौता गरी रु.२०,०६,९२५।- को औषधी खरिद गरेको देखिन्छ । Electronic Logistics Management System मा गएर हेर्दा ८२ आइटमको ६६५२७ परिमाण औषधीको मिति Expired भएको देखिन्छ । सो मध्ये Bal Vita १७४००, Ruft Ezee Paste packet ५३००, Amlodipine २.५ mg ५५६०, Super Cereal Flour २२५०, Albendazole ४०० mg २७००, Retinol Vitamin A २०० २००० लगायतका औषधी रहेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीको आवश्यकता तथा मौज्दातको यकिन गरी खरिद गरेको पाइएन । अत: पालिकाले औषधीको आवश्यकता, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधी खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

२९ **बैठक भत्ता**

अर्थ मन्त्रालयबाट स्वीकृत कार्यसंचालन निर्देशिका, २०७७ को बुंदा नं. ७.१.१ बमोजिम बैठक कार्यालय समय अघि वा पछि बस्नुपर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने र बैठकमा आमन्त्रित सदस्यका रुपमा थप व्यक्तिहरु राख्न नपाउने तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढिमा ३ जना आमन्त्रित सदस्यलाई मात्र भत्ता उपलब्ध गराउन सक्ने उल्लेख छ । पालिकाले भौ.नं. ११२।२०८१।३।७ बाट संघबाट प्राप्त सशर्त अनुदान अन्तर्गत कार्यक्रम सम्बन्धमा बैठक बसी रु.१,०००।- का दरले २ दिनको रु.१४,०००।- भत्ता वितरण गरेको देखियो । पालिकाले समय नखुलाई एउटै निकायका कर्मचारीहरु बैठक बसी निम्नानुसार भत्ता वितरण गरेकोले असुल हुनुपर्ने रू.

| सि.नं. | कर्मचारीको नाम | रकम |
|---|---|---|
| १ | रमेश कार्की | १७०० |
| २ | प्रदिपराज बस्नेत | १७०० |
| ३ | प्रशान्तराज दाहाल | १७०० |
| ४ | बन्दना भट्टराई | १७०० |
| ५ | सुजन शर्मा | १७०० |
| ६ | अर्जुन कुमार राई | १७०० |
| **जम्मा:** | | **१०२००** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,२०० |

३० **मेड्पा कार्यक्रम**

गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुंदा नं. ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरुलाई बिक्री गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । यसरी बिक्री पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सिलाई कटाई तथा साबुन तथा सरफ बनाउने तालिम संचालन गरी रु.३,७९,४४६।- भुक्तानी गरेकोमा के कति सामान वा वस्तुहरु उत्पादन भए र सो बिक्री भए वा भएन यकिन गर्न सकिएन । सो यकिन गरी ती वस्तु तथा सामानहरु बिक्री गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

३१ **स्थानीय भत्ता**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) बमोजिम सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपयोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपयोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता पाउने छैन भन्ने उल्लेख छ । पालिकाले भ्रमणमा गए वापत भ्रमण खर्च भुक्तानी गर्दा स्थानीय भत्ता कट्टा गरेको नदेखिएकोले यकिन गरी असुल गर्नुपर्दछ ।

३२ **तालिम अनुगमन**

कोशी प्रदेश गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा ३ मा पदाधिकारीहरुले पाउने सुविधा सम्बन्धी व्यवस्था गरेको छ । सो ऐनमा गोष्ठि, तालिम तथा कार्यक्रममा अनुगमन गरेवापत भत्ता पाउने उल्लेख गरेको देखिंदैन । साथै कार्य सञ्चालन निर्देशिका, २०७७ मा तालिम, कार्यक्रम तथा गोष्ठिमा अनुगमन गरे वापत भत्ता पाउने उल्लेख गरेको छैन । पालिकाले निम्नानुसार पदाधिकारी तथा कर्मचारीहरुलाई साबुन तथा सरफ बनाउने सिप विकास तालिम तथा सिलाई कटाई तालिमको अनुगमन गरेको भनी रु.१,०००।- का दरले रु.१७,०००।- भत्ता भुक्तानी गरेकोले ऐन विपरितको रकम असुल हुनुपर्ने रु.

| **सि.नं.** | **पदाधिकारी तथा कर्मचारीको नाम** | **दिन** | **रकम(कर पछि)** |
|---|---|---|---|
| १ | वडाध्यक्ष मिङ्नार गेल्जे शर्पा | १ | १७०० |
| २ | वडाध्यक्ष ध्रुव बहादुर बस्नेत | १ | ८५० |
| ३ | वडाध्यक्ष हिक्मत बहादुर बस्नेत | १ | ८५० |
| **जम्मा** | | | **३४००** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,४०० |

३३ **सहभागी भत्ता**

बढि भुक्तानी गरेको रकम असुल भएको ।

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **८,६७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३४ **२० प्रतिशत सहभागीता**

राजस्व दाखिला गरेको प्रमाण पेश ।

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **१२,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **३,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३५ **उपभोक्ता समितितर्फ**

३५.१ **जटिल संरचना निर्माण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई मेशिन औजार उपकरणहरु आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गत संचालित उपभोक्ता समितिहरुले जटिल संरचनाको कार्य समेत गरेको पाइयो । उपभोक्ता समितिसँग जटिल संरचना निर्माण कार्यको अनुभव नहुने, शुरु लगानीको लागि श्रोतसाधनको न्यूनता हुने एवं भारी उपकरणको उपलब्धता नहुने अवस्थामा समेत जटिल संरचना निर्माणको कार्य गरेको छ । यस सम्बन्धि केही उदाहरण निम्न रहेका छन् ।

| योजनाको नाम | सम्झौता रकम |
|---|---|
| जनसेवा आधारभूत विद्यालय मन्दिर निर्माण | ५,००,००० |
| देविस्थान मन्दिर व्यवस्थापन उ.स. | ७,००,००० |
| राधाकृष्ण मन्दिर धर्मशाला निर्माण | ४,००,००० |
| सागरडाँडा शिव पार्वति किचनघर निर्माण | ७,००,००० |
| किंजा आमा समुह भवन निर्माण | ४,५०,००० |
| गोलि आवि कक्षा कोठा | ४,००,००० |
| सिंहदेवि आवि कक्षाकोठा निर्माण | ४,००,००० |
| बुद्वेल देवीथान मन्दिर र सडक निर्माण | ६,००,००० |
| थार्मखु शिव मन्दिर भवन निर्माण | ५,००,००० |

३५.२ **लागत सहभागीता :** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागीता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागीता तोकिएको अवस्थामा सहभागीता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागीता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागीता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

३५.३ **उपभोक्ता योगदान :** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ बमोजिम विद्यालय लगायत अन्य संस्थाको सहकार्यमा कार्य गराउँदा गाउँपालिकाको सभाले निर्धारण गरे बमोजिमको न्यूनतम योगदान १० प्रतिशत हुने गरी खरीद सम्झौता हुनुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतको निम्नानुसारका शैक्षिक संस्थाहरुमा हुने निर्माण कार्य गर्दा विद्यालय व्यवस्थापन समितिको योगदान बेगर पालिकाको बजेटमा मात्रै कार्य सम्पादन गरेको देखियो । यसरी बिना योगदान खरीद कार्य भएकोले उक्त विद्यालयबाट हुनपर्ने श्रमदानको रकम कट्टी दाखिला गर्नुपर्ने रु.

| भौ.नं. र मिति | विद्यालयको नाम | न्यूनतम योगदान हनुपर्ने रकम |
|---|---|---|
| ४०/२०८०/११/०४ | जनसेवा आधारभूत विद्यालय सरस्वति मन्दिर र फर्निचर निर्माण वडा नं ४ | ३०००० |
| ४१/२०८०/१०/०४ | सिंहसेतीदेवी आ.वि खेलमैदान इसिडि कक्षा कोठा निर्माण | २०००० |
| ७१/२०८१/०१/१७ | चन्डेश्वरी आ.वि घेराबार निर्माण | १९२०० |
| ७३/२०८१/०१/२० | जनचेतना आ.वि ग्राउण्ड निर्माण | ९५३० |
| ११०/२०८१/०२/१८ | मन्जुश्री आ.वि खेल मैदान | १९२०० |
| **जम्मा** | | **९७९३०** |

| असुल गर्नुपर्ने | ९७,९३० |
|---|---|

३६ **डि.पि.आर. विपरित कार्य**

संघीय समपूरक योजनाको ५०:५० लिखुखोला देखि लाममाने सडक स्तरोन्नति गर्न पहिलो ठेक्का रु.५० लाख ८१ हजार १०३ र दोस्रो ठेक्का रु.४८ लाख ५७ हजार ४१६ को निर्माण व्यवसायी जयलक्ष्मी कन्स्ट्रक्सनसंग सम्झौता गरेको छ । २००० मिटर लम्बाई

र ३.५ मिटर चौडाइमा निर्माण हुने उक्त सडकको डि.पि.आर. प्रतिवेदनमा ढलान (m२०) गरी कार्य गर्ने व्यवस्था भएकोमा सो विपरित ढुङ्गा सोलिङ्ग गरी कार्य गराउँदा उक्त सडक छोटो समयमै बिग्रिएमा त्यसको जवाफदेहीता निर्णय गर्ने पदाधिकारीहरुले लिनुपर्दछ । संघीय समपूरकको उक्त रकम दुवै प्याकेजको रु.९९,३८,५१६।- खर्च हुँदा संघीय सरकारको तर्फबाट रु.४९,६९,२५८।- र स्थानीय तहबाट समेत रु.४९,६९,२८८।- खर्च गर्नुपर्नेमा संघीय सरकारको ७० र स्थानीय सरकारको तर्फबाट ३० प्रतिशत खर्च लेखेकोले उक्त रकम असुल गरी फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,८७,७०३ |

३७ **डि.पि.आर**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी स्वा परामर्श खरिद गर्नु पर्ने व्यवस्था छ । यस्तो खरिदको आवश्यकता पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा लिदा पालिकाले आन्तरिक जनशक्तिले सम्भब नहुने विषयका मात्रै परामर्श सेवा लिनुपर्नेमा पालिकाले राङ्जा- जोलखु बुद्ध मा वि -जोगिडाँडा चौरी खर्क खहरे गुम्बा र किंजा छिम्बु सोके सडकको डिपिआर बापत साथै इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि लाई रु १८ लाख ८० हजार २८६।- भुक्तानी गरेको छ । यसै गरी वडा नं. ३ कार्यालय भवन निमाण र वडा नं ५ को बुढाकिंजा ७ आ वि भवनको निर्माण गर्न समेत १९८००००।- को लागतमा डिपिआर कार्य गर्न विभागिय जनशक्ति नै पर्याप्त हुन हुन्न भन्ने विश्लेषण नगरी तयार गरेको छ। उल्लेखित दुवै डीपिआर कार्य गराउँदा बजेट २० लाख रहेकोमा बजेटकै हाराहारीमा हुने गरी लागत अनुमान तयार गरेको छ। बनाएको लागत अनुमानको आधार समेत स्पष्ट देखिएन ।आन्तरिक जनशक्तिबाट कार्य हुन सक्ने वा नसक्ने भन्ने एकिन नगरी बाह्य जनशक्तिबाट कार्य गराएको छ । उक्त परामर्श सेवाको सार्वजनिक सम्पति व्यवस्थापन प्रणालीमा (PAMS) मा दाखिला गर्नुपर्दछ ।

३८ **खानेपानी पाइप खरिद**

पालिकाले खानेपानी सम्वद्ध कार्यहरु सम्पादन गर्दा खानेपानी विभागको संशोधित नर्म्स २०५० बमोजिम कार्य गर्नुपर्ने व्यवस्था छ । साथै विभागले नै प्रकाशन गरेको खानेपानीको एच.डि.पि.ई पाइपको Thickness को आधारमा प्रति के.जि. प्रेसर/मिटरको दरको न्यूनतम दरको आधारमा किलोमा परिवर्तन गरी भुक्तानी गर्नुपर्नेमा निम्नानुसारको विभिन्न खरीद कार्यमा मिटर/प्रति के.जि. घटीको दर भन्दा वढी हुने गरी भुक्तानी गर्दा बढी भएको रु.८५,२१७।- असुल गर्नुपर्ने रु.

| **योजना/भुक्तानी फर्म** | **कार्य/पाइपको साइज र पि.एन परिमाण** | **मिटर/ केजी/दर** | **जम्मा केजि** | **भुक्तानी हुनुपर्ने भ्याट समेत** | **भुक्तानी भएको** | **बढि रकम** |
|---|---|---|---|---|---|---|
| ११५/२०८०-२१८ भ्याली इन्टरनेशनल समेत २ योजना | ८००० | ०.१२० | ४८० | ३०३८४२ | ३६९९६२ | ६६२१८ |
| मिजारपानी खानेपानी आयोजना | ३००० | ०.१२० | ३६० | ११३७६० | १३२७५९ | १८९९९ |
| **जम्मा** | | | | **४१७६०२** | **५०२७२१** | **८५२१७** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८५,२१७ |

३९ **परामर्श सेवा**

सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२ अनुसार परामर्श सेवा लिदा मौजुदा सूचीमा सूचीकृत फर्म वा व्यक्तिसँग लिई सो सम्वन्धी विज्ञको क्षेत्रगत कार्यशर्त तोकी कार्य गराउनु पर्नेमा भौ.नं. १०।२०८०।०९।२३ बाट गत आर्थिक बर्षमा डिपिआर भएका तीन वटा आयोजनाको इआईए प्रतिवेदनको विस्तृत अध्ययन प्रतिवेदन पढ्नयोग्य बनाउन नेपालीकरण गर्न रु.३,२५,०४४।- नाजा आर्किटेक एण्ड इन्जिनियरिङ्ग सोलुसन प्रालिलाई भुक्तानी गरेको छ । शुरु सम्झौतामै शर्त कायम गराउने गरी गर्न सकिने कार्यमा पुनः खर्च लेखेकोले असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२५,०४४ |

४० **भेरियसन**

सार्वजनिक खरीद ऐन, २०६४ को दफा ५४ अनुसार खरीद सम्झौता कार्यान्वयन गर्दाको वखत पूर्वानुमान गर्न नसकिएको र परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्टिकरण खुलाउनुपर्ने र शत प्रतिशत भन्दा माथिको भेरियशन नेपाल सरकार मन्त्रिपरिषदले स्वीकृत गर्ने व्यवस्था छ । पालिकाले वडा नं २ को प्रशासनिक भवन निर्माण गर्न रु.१,१४,९८,९६०।- भ्याट समेतको लागत अनुमान तयार गरेकोमा रु.६५,९४,८९३।- भ्याट समेतमा सम्झौता गरेकोमा धारा, विजुली, छाना ट्रष्ट लगायतको रु.१९,२४,४५३।- (भ्याट बाहेक) थप काम गर्नुपर्ने खुलाई पालिकाको बैठकले भेरिएशन जारी गरेको छ । पालिकाको आफ्नै खरीद कारवाहीलाई व्यवस्थित गर्ने कानुन निर्माण नगरेको स्थितीमा यसरी भेरिएशन गरेको छ । लागत अनुमानकै क्रममा धारा, विजुली, छाना ट्रष्ट जस्ता विषय यकिन र पूर्वानुमान गर्न सकिने भएकोले डिपिआर तयार गर्नेलाई समेत जिम्मेवार गराई यस्तो रकम नियम सम्मत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | २१,७४,६३१ |

४१ **रुवल मेशिनरी वाल**

जनसेवा मा.वि.को छेउ वाल तथा बाटो निर्माण Rubble masonary wall निर्माण गर्दा सडक विभागको नर्म्स अनुसार प्रति घनमिटर रु.१११९८।- भुक्तानी गर्नुपर्नेमा शहरी विकास तथा भवन विभागको नर्म्स रु.१५,५५०।- को दरमा भुक्तानी गर्दा प्रति घनमिटर रु.४३५२।- को आधारमा भुक्तानी हुँदा १४.८४ घ.मी.को बढि भुक्तानी हुन गएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६४,४९६ |

४२ **पिसिसि कार्य**

पालिकाले सरकारी रकम कलमको खर्च प्रचलित नर्म्सको प्रयोगको आधारमा लेख्नुपर्दछ । भोटेकुलो भल नियन्त्रण आयोजना लिखुपिके ४ को कार्य गर्दा सडक विभागको नर्मस अनुसार कार्य गर्नुपर्नेमा १:२:४ work at foundation को कार्यको लागी शहरी विकास तथा भवन विभागको नर्म्सको प्रयोग गरी कार्य गर्दा समेत प्रतिघनमिटर रु.२.१७१८२ को दरमा भुक्तानी हुनुपर्नेमा रु.२०२५५.५४ को आधारमा ५.१५ घनमिटरको भुक्तानी भएकोले असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,८४१ |

४३ **सक्कल कर विजक**

सोको प्रमाण पेश भएको ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-३** को निर्णयले रू **४२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४४ **सडक सोलिङ्ग**

गाउँपालिका अन्तर्गत कती सडक हुने, कस्तो, सडकको पूर्वाधारमा कति कालो पत्रे गर्ने, कति ढलान गर्ने, सडकको साइज न्यूनतम कति र अधिकतम कति हुने भन्ने सडक गुरुयोजना नै बनेको छैन । सडकको गुरुयोजनाको अभावमा गरेको लगानी आवश्यक हो होइन भन्ने एकिन गर्न सकिएन । कतै आठ फूटको बाटो समेत बनाएको छ । सडक सँगै आवश्यक पर्ने क्याच ड्रेन नाली समेत नबनाई कार्य गर्दा सोलिङ्ग गरेको सडक समेत विस्तारै विग्रिदै गएको देखिन्छ । सडक निर्माण अधिकांशत ढुंगा सोलिङ्ग हुने गरेको सडक निर्माणमा सोलिङ्गमा ढुंगाको रकम समेत स्टिमेटको आधारमा कार्य गराई भुक्तानी गरेको छ । ढुंगा सोलिङ्ग गर्दा स्थानीय स्तरमै पर्याप्ट रुपमा ढुंगा उपलब्ध हुने भएकोले सडकको ढुंगा सोलिङ्गमा भन्दा उपभोक्ताबाट कार्य गर्न सम्झौता हुने गरेको पाइयो । पालिकाको इलाका भित्र

पर्याप्त मात्रामा ढुंगा उपलब्ध हुँदा ढुंगा खरीदको लागी भुक्तानी गर्न नपर्ने देखिन्छ । नर्म्समा उल्लेख भएपनि मितव्ययी कार्य गर्न पालिकाले साइटको स्थिति अनुसार ढुंगाको कार्यको भुक्तानी नगरी कार्य गर्नु उपयुक्त देखिन्छ ।

४५ **रोयल्टी**

कोशी प्रदेश ऐन, २०८० तथा लिखुपिके गाउँपालिका , सोलुखुम्बुको १० औ गाउँसभाको बैठकले पालिका भित्र निर्माणमा संलग्न संस्थाहरुबाट प्राकृतिक स्रोतसाधनको रोयलेटी वापत प्रति घनमिटर रु.३५८।- को दरले मु.अ. कर समेत असुलउपर गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिका अन्तर्गत संचालित विभिन्न संस्थाहरु तथा उपभोक्ता समितिले ढुङ्गा, बालुवा, गिट्टी समेतको प्राकृतिक स्रोत साधनको उपयोग ६४०० घनमिटर उपयोग गरेकोमा रोयल्टी रकम पठाएको छैन । पालिकाले ६४०० घनमिटरको रु.३५८।- का दरले हुने रु.२२,९१,२००।- रोयल्टी मध्ये मूल्य अभिवृद्धी कर दाखिला गरी बाँकी रकम समेत बाँडफाँड गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,९१,२०० |

४६ **शिक्षा तर्फ**

४६.१ **विद्यालय अनुदान शिक्षक महंगी भत्ता :** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.४० मा माध्यमिक तह अंग्रेजी, गणित तथा विज्ञान शिक्षक सहयोग अनुदान शिक्षक तथा क्रियाकलाप नं. २.७.१३.४१ मा आधारभुत तह कक्षा ६-८ अंग्रेजी, गणित तथा विज्ञान शिक्षक सहयोग अनुदान शिक्षकहरुले मासिक पारिश्रमिक र चाडपर्व खर्च मात्र पाउने उल्लेख गरेको छ । पालिकाले निम्नानुसार विद्यालयका शिक्षकहरुलाई नपाउने मासिक महंगी भत्ता वापत रु.२६,०००।- भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.

| **सि.नं.** | **विद्यालयको नाम** | **शिक्षकको नाम** | **रकम** | **कैफियत** |
|---|---|---|---|---|
| १ | बुद्ध मावि | राजिव कुमार कुशवाहा | ८००० | कात्तिकसम्म |
| ३ | जनसेवा मावि | निमा शेर्पा | १८००० | ९ महिना |
| **जम्माः** | | | **२६०००** | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१७** को निर्णयले रू **८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,००० |

४६.२ **तलबी प्रतिवेदनः** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ बमोजिम स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाई मार्फत विद्यालय शिक्षक किताबखानाबाट पारित गराई तलब भत्ता भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष २२ विद्यालयका ८० जना शिक्षकहरुको तलबी प्रतिवेदन पारित नगरी रु.५,३५,०९,२९०।३४ खर्च लेखेको देखियो । तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेकोले तलब भत्ता, ग्रेड रकम यकिन गर्न सकिएन । तलब भत्ता खर्च गर्दा तलबी प्रतिवेदन पारित गरेर मात्र गर्नुपर्दछ ।

४६.३ **सेनिटरी प्याड खरिदः** सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयहरुले छात्राहरुको संख्या एकिन गरी आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत माग गर्ने र शिक्षा शाखाले स्थानीय तहमा भएको शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्यांकसंग भिडान गरी विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने र विद्यालयले प्राप्त

गरेको सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्मका छात्राहरुका लागि भौ.नं. ४६।२०८०।१२।१२ बाट ५३६८ प्याकेट निशुल्क सेनिटरी प्याड खरिद गरी रु.३,५६,९७२।- भुक्तानी गरेकोमा विद्यालयहरुलाई हस्तान्तरण गरेको देखिन्छ । आर्थिक वर्षको सुरुमै खरिद गरी विद्यालयको मागको आधारमा वितरणको व्यवस्था मिलाउनुपर्नेमा बर्षको तेस्रो त्रैमासिकमा खरिद गरेको पाइयो । पालिकाले प्याडको सुरक्षित भण्डारण गरी विद्यालयको माग बमोजिम निकासा दिने, वितरणको अभिलेख राखे नराखेको सम्बन्धमा अनुगमन गर्ने र वर्षान्तमा रहेको मौज्दातको आधारमा नै आगामी आर्थिक वर्षको लागि आवश्यक परिमाणको यकिन गरी खरिद गर्नुपर्ने व्यवस्था मिलाउनुपर्दछ ।

४६.४ **छात्रवृत्ति वितरण** : असुल भई आएको ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१७** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४६.५ **दिवा खाजा :** असुल भई आएको ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **२,१६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१७** को निर्णयले रू **२,०१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **९,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४६.६ **शिक्षक दरवन्दी र पदपूर्ति :** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गत २२ वटा विद्यालयमा ८० जना शिक्षक दरबन्दी भएकोमा सबै पदपूर्ति र पदपूर्तिमध्ये ४४ जना करार/राहत शिक्षक रहेको देखिन्छ । दरवन्दी अनुसार पदपूर्ति हुनुपर्दछ । ति विद्यालयहरुमा विद्यालय तथ्याङ्क अनुसार कुल विद्यार्थी संख्या १३८९ रहेको देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएको विद्यालयबाट कम शिक्षक भएको विद्यालयमा शिक्षकको दरवन्दी मिलान एंव न्यून विद्यार्थी भएको विद्यालयहरु सम्भाव्यताको आधारमा समायोजन गर्नुपर्दछ ।

४६.७ **कक्षा ८ परीक्षा संचालन :** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.५१ को क्रियाकलाप १५.१ मा कक्षा ८ को परीक्षा संचालन तथा प्रमाणीकरण एवंम विद्यार्थी मूल्यांकनको लागि प्रति विद्यार्थी वार्षिक रु.२७५।- का दरले खर्च गर्न सक्ने व्यवस्था छ । साथै परीक्षालाई थप व्यवस्थित गर्न स्थानीय तहले आन्तरिक स्रोतबाट बजेट व्यवस्था गर्न व्यवस्था छ । पालिकाले भौ.नं. १४९।०८१।३।२३ बाट मिति २०८०।१२।१ देखि १२।८ सम्म संचालित कक्षा ८ को परीक्षमा ८५ जना विद्यार्थी सामेल भई रु.८४,४३०।- खर्च गरेको देखिन्छ । परीक्षमा ८५ जना विद्यार्थी उपस्थित भएकोले प्रति विद्यार्थी रु.२७५।- का दरले रु.२३,३७५।- खर्च गर्न सक्नेमा रु.६१,०५५।- बढि खर्च गरेकोले आन्तरिक स्रोतबाट शोधभर्ना गर्नुपर्ने रु.

| | |
|---|---|
| सोधभर्ना नलिएको | ६१,०५५ |

४६.८ **बढि निकासाः** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.१ बमोजिम स्थानीय तहले शिक्षकको तलब भत्ता निकासा गर्दा कायम भएको शिक्षक दरवन्दी, शिक्षक अनुदान कोटा, प्राविधिक तर्फका अनुदानमा कार्यरत शिक्षकहरुको लागि विद्यालयहरुबाट प्राप्त माग फाराम रुजु गरी उपलब्ध गराउने तथा स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाई मार्फत विद्यालय शिक्षक किताबखानाबाट पारित गराई सोही प्रतिवेदनको आधारमा निकासा उपलब्ध गराउने व्यवस्था छ । साथै अवकास प्राप्त तथा राजिनामा गरेका शिक्षकहरुको तलब भत्ता निकासा गर्दा कार्यरत दिनसम्मका लागि निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले जनसेवा आविका नि.मा.शि. राहत शिक्षक निमा शेर्पाको मिति २०८०।११।१६ मा राजिनामा दिएकोमा रु.५५,०९५।- मात्र निकासा गर्नुपर्नेमा बढि रु.५५,०९५।- निकासा गरेकोले सम्बन्धित विद्यालयबाट फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५५,०९५ |

४७ **पूर्वनिर्धारित क्षतिपूर्ति**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा आपूर्तिकर्ताको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शुन्ना दशमलव शुन्ना पाँच प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न भौचरबाट आकष्मिक तथा निशुल्क औषधी खरिद गर्न मिति २०८०।१०।२ मा सम्झौता गरी हिमालयन डिष्ट्रिब्युटर्सलाई रु.२०,०६,९२५।- भुक्तानी गरेको छ । सम्झौतामा औषधी आपूर्ति गर्ने मिति सम्झौता गरेको १ महिनाभित्र गर्नुपर्ने उल्लेख गरेको छ । पालिकाले औषधी खरिद गरी मिति २०८०।११।२३ मा दाखिला गरेको छ । आपूर्तिकर्ताले सम्झौता भएकोले मितिले १ महिनाभित्र(२०८०।११।२) मा आपूर्ति गर्नुपर्नेमा २२ दिन ढिला गरी आपूर्ति गरेकोले शुन्ना दशमलव शुन्ना पाँच प्रतिशतले हुने रु.२२,०७५।- असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,०७५ |

४८ **कार्यक्रम अनुगमन**

असुल गरी दाखिला गरेको ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **७,९२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **७,९२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४९ **पदाधिकारी पोषाक भत्ता**

गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५ मा पदाधिकारीहरुलाई पोशाक सुविधा सम्बन्धि व्यवस्था गरेको देखिंदैन । पालिकाले भौ.नं. १३०।२०८१।१०।२१ बाट वडा नं ४ कार्यालय संचालन खर्च शिर्षकबाट पोशाक बापत रु.१९,८४०।- भुक्तानी गरेको देखिन्छ । यसरी नियम बिपरीत भुक्तानी भएको रकम सम्बन्धितवाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,८४० |

५० **टुक्रा पारी खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८.२ अनुसार यो ऐन र अन्तर्गत बनेको नियम बमोजिम प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले ५ प्रकारको रु.३५ लाख ६९ हजार लागत अनुमान भएको कार्य २७ टुक्रा बनाई रु.३५

लाख ६९ हजारमा खरिद सम्झौता गरी भुक्तानी भएको छ । टुक्रा-टुक्रा गरी खरिद गर्दा प्रतिस्पर्धा न्यून भएको कारणले सरकारी व्ययभार बढेको अवस्था छ । यस सम्बन्धमा यर्थाथता एकिन गरी यसरी टुक्रा पारी खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

५१ **जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालसामान सात दिनभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने उल्लेख छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ती वा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ती तथा जिन्सी किताबमा सात दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु गराउनुपर्ने उल्लेख छ । पालिकाले यो वर्ष Good Luck Mobile and Communication बाट रु.३३,०००।- को मोवाइल सेट खरिद गरेकोमा म.ले.प.फा. नं. ४०८ खर्च भएर नजाने शिर्षकमा दाखिला गर्नुपर्नेमा खर्च भएर जाने ४०७ शिर्षकमा दाखिला गरेकोले खर्च भएर नजाने शिर्षकमा दाखिला गरी प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ३३,००० |

५२ **सक्कल बिल बेगरको खर्च**

प्रमाण पेश भएको ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५३ **गत वर्षको अनुगमन भत्ता**

गाउँ तथा नगर सभाको सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन २०७७ मा पदाधिकारीहरुले मासिक रुपमा रु.१०,०००।- अनुगमन भत्ता पाउने व्यवस्था छ । पालिकाले भौ.नं. ५८।२०८०।९।१३ बाट विभिन्न मितिमा मैलि तामाङ गुम्बा भित्री निर्माण उ.स, मेस्की खानेपानी निर्माण उ.स, शिव पार्वती सामुदायिक संस्था किचन घर निर्माण उ.स लगायतका योजना अनुगमन गरेको भनी योजना अनुगमन संयोजक श्री ङावाङ लाक्पा शेर्पालाई गत आर्थिक वर्षको भुक्तानी बाँकी रु.४१,६५०।- यस वर्ष भुक्तानी गरेको देखियो । ऐन विपरित भुक्तानी भएको अनुगमन भत्ता रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४१,६५० |

५४ **बढी सेसन**

अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ मा तालिम, गोष्ठी तथा प्रशिक्षण कार्यक्रममा एक दिनमा ४ बटा सेसन र एउटा कक्षाको अवधि कम्तिमा एक घण्टा तीस मिनेटको हुनुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. १६०।२०८०।११।४ बाट मिती २०८०।९। २६ देखी माघ ४ सम्म ८ दिन मेलमिलाप तथा सहजीकरण कार्यक्रम संचालन गरी गोबिन्द बस्नेतको पेश्की फर्स्यौट गरेकोमा प्रति दिनको ४ सेसनका दरले जम्मा ३२ सेसनको मात्र प्रशिक्षक भत्ता भुक्तानी गर्नुपर्नेमा ४१ सेसनको रु.५७,४००।- भुक्तानी भएको देखिन्छ । साथै पारीश्रमिक कर १ प्रतिशत मात्र कट्टा गरेको पाइयो । बढी सेसनको रु.१०,७१०।- र पारिश्रमिक कर वापत रु.७,९५०।- समेत रु.१८,६६०।- असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,६६० |

५५ **अनुगमन प्रतिवेदन**

गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५ अनुसूची-१ बमोजिम अध्यक्ष तथा उपाध्यक्षलाई मासिक रु.१०,०००।-, वडाध्यक्षलाई रु.४,०००।- र कार्यपालिका सदस्यलाई रु.२,०००।- का दरले मासिक अनुगमन भत्ता भुक्तानी गर्ने र भत्ता भुक्तानी लिदा मासिक रुपमा अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले १३ जना पदाधिकारीहरुलाई विभिन्न भौचरबाट बार्षिक रु.६२४००० अनुगमन भत्ता भुक्तानी गरेकोमा अनुगमन प्रतिवेदन तयार गरी पेश नगरेकोले अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६,२४,००० |

५६ **अपाङ्ग रोकथाम तथा पुनस्थापना कार्यक्रम**

प्रमाण पेश भएको ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **१०७,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५७ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा ६ योजना सञ्चालन गरी यस वर्ष ८७ जनालाई औसत १०० दिनले ८७०० दिन रोजगारी उपलव्ध गराई रु.६२,६४,०००।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

५८ **सामाजिक सुरक्षा भत्ता**

यस पालिकामा सामाजिक सुरक्षा कार्यक्रम संचालन तर्फ ५ वडाका लाभग्राहिको खातामा रु.२,९६,८८,०८१।४५ भत्ता बैंक मार्फत निकासा गरी वितरण गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन ।

५८.१ **लगत कट्टा :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराई सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनु पर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने व्यवस्था छ । साथै दफा १५ (२) मा भत्ता खाइपाई आएको कनै व्यक्तिको मृत्यु भएमा मृत्यु भएको दिन सम्मको भत्ता मृतकको नजिकको हकवालालाई भुक्तानी दिने भनी उल्लेख छ । पालिकाले नर बहादुर बस्नेतको मिति २०८१।१।२ मा मृत्यू भई लगत कट्टा भएको अवस्थामा पनि रु.१२,०००।- लाभग्राहीको खातामा पठाएकोले फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,००० |

५८.२ **पारदर्शीता :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा गाउँ कार्यपालिकाको कार्यालयले उल्लेखित व्यवस्थाको परिपालना गरेको पाइएन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शीता प्रवर्द्धन गर्नुपर्दछ ।

५९ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षकको दरवन्दी पूर्ति भएको छैन। पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

६० **पेस्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेस्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेस्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्नानुसार निर्माण व्यवसायी तथा संस्थालाई दिएको पेस्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.९०,००,०००।- बाँकी रहेकोमा म्याद नाघेकोले नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| **भौ.नं. र मिति** | **पेस्कीको विवरण** | **पेस्की लिनेको नाम** | **म्याद नाघेको पेस्की** |
|---|---|---|---|
| १०।२०८०।११।१ | पालिका अन्तर्गत आधारभुत अस्पतालको निर्माण | धौलागिरी/बंगलामुखी जेभि | १५००००० |
| ३४।२०८०।११।१ | पालिका अन्तर्गत आधारभुत अस्पतालको निर्माण | धौलागिरी/बंगलामुखी जेभि | ७५००००० |
| **जम्माः** | | | **९०००००० ** |

| | |
|---|---|
| पेश्की | ९०,००,००० |

६१ **गत आ.व. को पेस्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेस्की फर्स्यौट सम्बन्धी व्यवस्था रहेको छ । यस बर्ष पालिकाको खाता परीक्षण गर्दा गत विगतमा औंल्याईएको हिमगंगा माविको अधुरो भवन निर्माणको लागि राष्ट्रिय वाणिज्य बैंकको पेस्की रु.५,००,०००।- रहेकोमा उक्त पेस्की लेखापरीक्षण अवधिसम्म पनि फर्स्यौट भएको छैन । नियमानुसार समयमा नै फर्स्यौट गर्नुपर्दछ ।

६२ **पारिश्रमिक कर**

आयकर ऐन, २०५८ को दफा ८ मा प्राकृतिक ब्यक्तिको सो आय बर्षको रोजगारीबाट प्राप्त पारिश्रमिक गणना गर्दा तलब, भत्ता लगायतका रोजगारीका सम्बन्धमा गरिएका सबै प्रकारका भुक्तानी समाबेश गरिने र कुल करयोग्य आयबाट छुट तथा कट्टा गर्न पाउने रकम कट्टा गरी बाँकी करयोग्य आयमा दफा ८७ बमोजिम पारिश्रमिक कर कट्टा गर्नुपर्ने ब्यबस्था छ । पालिकाका डा प्रेम श्रेष्ठको वार्षिक खुद आय रु.१५,६०,०००।- रहेकोमा कट्टा गर्न पाउने रकम कट्टा गरी निजको कर योग्य आय रु.१०,८६,०००।- हुन जान्छ । पालिकाले चैत्रसम्म ९ महिनको रु.६२,४००।- कर कट्टा गर्नुपर्नेमा रु.११,४८०।- कट्टा गरेकोले नपुग रु.५०,५९०।- कर असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,५९० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : लिखु पिके गाउँपालिका, सोलुखुम्बु , लिखु पिके गाउँपालिका , सोलुखुम्बु

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | काजीमान राई | २०८०-८-१७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | रेख बहादुर राई | २०७७-९-९ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५,२६३,७९८.८१ | ४,४१०,६३१ | २९२,९११.०२ | ० | ६१,०५५ | ९,०००,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १९,०२८,३९५.८३ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ३४१,३०२.८१ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १८,६८७,०९३.०२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २२६७६०५९.९८ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | १५६६६०३२४.८७ | चालु खर्च | १५०८९८२३७.८५ |
| प्रदेश सरकारबाट अनुदान | ९७७३६६०.० | पूँजीगत खर्च | ७५४३०४५१ |
| राजश्व बाँडफाँट | ४३६०७५७०.६ | वित्तीय/अन्य व्यवस्था | ३३२५६८५६.५ |
| आन्तरिक आय | ९०४६४३८.९३ | | |
| अन्य आय | ३४९२४३८८.७७ | | |
| कुल आय | २५४०१२३८३.१७ | कुल खर्च | २५९५८५५४५.३५ |
| बाँकी मौज्दात | | १७१०२८९७.८ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीहरुको पहिचान गरी विवरण अध्यावधिक गर्नुपर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।